नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

*प्रेस विज्ञप्ति*

(विषयः अभियोग पत्र दायर गरिएको)

मुद्दाः राजश्व चुहावट गरी सम्पत्ति शुद्धीकरण गरेको ।

आदित्य ट्रेड सप्लायर्स (स्थायी लेखा नं.६०४०५२५९३) का प्रोप्राइटर अमित कुमार सहनीले राजश्व चुहावट गर्ने मनसायले जालसाजीयुक्त, नियमानुसार विजक जारी नगरी गैरकर विजक (Loose Bill) जारी गरी सोको माध्यमवाट लत्ता कपडा लगायतको कारोवार गरेवाट निजले नेपाल भारत सिमा नाका भैरहवा आसपास क्षेत्रवाट चोरी पैठारीजन्य आर्थिक गतिविधिवाट आयआर्जन गरेको रकम नेपालस्थित बैंकहरुमा बैंक खाता खोली जम्मा गर्ने र उक्त रकम भारतका विभिन्न स्थानवाट ATM माध्यमवाट झिक्ने चलाउने लगायतका गैर कानूनी कार्यहरु गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्ने प्राप्त व्यहोराको उजुरी उपर यस विभागबाट जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी अमित कुमार सहनीले ले राजश्व चुहावट सम्बन्धी कसूरबाट प्राप्त गरेको सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोवार अधिकार एवं स्वामित्व लुकाउने एवं छल्ने समेत उद्देश्य एवं प्रयोजनका लागि माथि उल्लेखित विभिन्न बैंकहरुमा खोलिएका बैंक खाताहरुमा आ.व.२०६७/६८ देखि २०७५/७६ सम्मको अवधिमा भारतबाट एटिएम प्रयोग गरी नेपालमा रहेका विभिन्न बैंकको खाताहरुवाट झिकेको रकम रु.२,०३,६७,२६०/- (अक्षरेपी दुई करोड तीन लाख सत्सठ्ठी हजार दुई सम मात्र) राजश्व चुहावटको कसुर गरी प्राप्त गरेको रकम हो भन्ने जानीजानी निजले तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को ४ र ऐ. (पहिलो संशोधन २०६८) को दफा ४ को (क) ले निषेधित कार्य गरी गराई ऐ. दफा ३ को सम्पत्ति शुद्धीकरणको कसुर, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन, २०७०) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख) (ग) तथा ऐ. ऐनको दफा ३(३) ले निषेध गरेको ऐ. ऐनको अनुसूचीमा उल्लेखीत खण्ड (द) र (भ) सम्वद्ध कसुरबाट प्राप्त सम्पत्तिको स्थान (Jurisdiction) परिवर्तन, निःसर्ग, कारोवार, प्राप्ति धारण र प्रयोग समेतका निषेधित कार्यहरु गरी गराई तालिका नं.१ मा उल्लेख भए बमोजिम कुल रकम रु. १०,४४,४००१७।२० (दश करोड चवालीस लाख चालिस हजार सत्र रुपैया पैसा वीस मात्र) शुद्धीकरण कसूर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी अमित कुमार सहनीलाई सोही तालिका नं. १ मा उल्लेख भए बमोजिम बिगो रकम रु.१०,४४,४००१७।२० (दश करोड चवालीस लाख चालिस हजार सत्र रुपैया पैसा वीस मात्र) कायम गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन, २०६८) को दफा ३० को उपदफा (२), ऐ. (दोस्रो संशोधन, २०७०) को दफा ३० को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुन मागदावी लिई आज मिति २०८२-०२-०९ गतेका दिन सम्मानित उच्च अदालत पाटनमा उच्च सरकारी वकील कार्यालय पाटनले अभियोग पत्र दायर गरेको छ ।

२०८२/२/९